बैठक संख्या नं. ३

आज मिति २०७९ आषाढ ७ गते सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट रुकुम (पूर्व) मा सिस्ने गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण रेग्मी ज्यूको अध्यक्षतामा बसेको सिस्ने गाँउ कार्यपालिकाको बैठकमा तपशिलको उपस्थितिमा प्रस्तावित विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गरियो ।

तपशिल:

| | |
|---|---|
| श्री कृष्ण रेग्मी | अध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल रेउले | उपाध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री चिन्तामणि दाहाल | सचिव, सिस्ने गाउँ कार्यपालिका |
| श्री रज बहादुर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री कृष्ण बहादुर खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री हेराम खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री दलराज घर्ति | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री बिरेन्द्र बस्नेत | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री पूर्ण बहादुर मल्ल | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री शशिधर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सुर्य बहादुर नेपाली | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री थल बहादुर सार्की | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री तिर्था पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सुपरी बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री मीना के सी | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री धन कुमारी बुढा खत्री | सदस्य, सिस्ने गाउँ कार्यपालिका |

आमन्त्रित:

| | |
|---|---|
| श्री मंगलसीं बुढा | शाखा अधिकृत |
| श्री सुरेन्द्र प्रसाद यादव | जनस्वास्थ्य अधिकृत |
| श्री कर्ण बहादुर के सी | इन्जिनियर |
| श्री अरूण कुमार ओली | अधिकृत छैठौं |
| श्री अच्युत पन्थी | सूचना प्रविधि अधिकृत |

प्रशतावहरु:

१ रीपोटीङ तथा समिक्षा सम्वन्धमा।

२ पालिकाको कार्यसंचालन निर्देशिका सम्वन्धमा ।

३ गांउसभा सम्वन्धमा ।

४ निति कार्यक्रम तथा वजेट सम्वन्धमा ।

५ विविध

CamScanner

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. १**

आगामी आ. व. २०७९।८० का लागि यहि आसाढ ९ गते बस्ने गाउँसभा बैठकमा गा. पा. अध्यक्ष श्री कृष्ण रेग्मी ज्यूबाट प्रस्तुत गरिने १६ पेजको नीति तथा कार्यक्रम माथि व्यापक छलफल गरि सुझाव सहित स्विकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

गाउँ कार्यपालिकाको कार्य सञ्चालनलाई पारदर्शी, मितव्ययी र प्रभावकारी बनाउन बिधायन समितिद्धारा तयार पारिएको सिस्ने गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका २०७९ माथि व्यापक छलफल गरि स्विकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

रुकुम पूर्व जिल्लाको सदरमुकाम रहेको यस सिस्ने गाउँपालिकाको वडा नं. ५ र ६ मा केन्द्रिय प्रशारण लाईनबाट विद्युत आपूर्ति भइरहेकोमा नियमित आपूर्ति नभई अनियमित हुन गई सरकारी, औद्योगिक र व्यक्तिगत कामकाजमा असर पुग्न गएकोले रुकुम पूर्व जिल्लाको लागि छुट्टै फिडर जडान गर्नका लागि सम्बन्धित निकाय विद्युत प्राधिकरण र उर्जा मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

जेष्ठ महिनाको अन्तमा आएको भारी वर्षका कारण भएको व्यक्तिको घर तथा जग्गा, सार्वजनिक भवन, सडक तथा संरचनाको प्रास क्षेतिको प्राविधिक मुल्यांकन गरी उपयुक्त शिर्षक खोजी खर्च भुक्तानी गर्ने निर्णय गरियो।